# सभापोखरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बाह्रबिसे, संखुवासभा,
कोशी प्रदेश नेपाल

सभापोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाह्रबिसे, संखुवासभा कोशी प्रदेश, नेपाल २०७२

आज मिति २०८२।०८।१६ गते मंगलबार सभापोखरी गाउँपालिकाका अध्यक्ष श्री भीम बहादुर लिम्बु ज्यू को अध्यक्षतामा सभापोखरी गाउँपालिकाको ***१६ औं गाउँसभा बैठक*** तपसिलमा उल्लेखित गाउँसभा सदस्य ज्यूहरुको उपस्थितिमा पारित गरियो ।

**उपस्थिति:**

| क्र.स | दर्जा/पद | पदाधिकारीको नाम | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | सभाध्यक्ष | श्री भीम बहादुर लिम्बु | | |
| २ | सभा सदस्य | श्री लक्ष्मी चापागाई | | |
| ३ | सभा सदस्य | श्री इश्वर पुलामी मगर | | |
| ४ | सभा सदस्य | श्री राज कुमार राई | | |
| ५ | सभा सदस्य | श्री दिल बहादुर तामाङ | | |
| ६ | सभा सदस्य | श्री शुक राज लिम्बु | | |
| ७ | सभा सदस्य | श्री मनिष लिम्बु | | |
| ८ | सभा सदस्य | श्री जितेन्द्र ओनेम लिम्बु | | |
| ९ | सभा सदस्य | श्री पृथ्वी नारायण राई | | |
| १० | सभा सदस्य | श्री टंक बहादुर विश्वकर्मा | | |
| ११ | सभा सदस्य | श्री कविता लिम्बु | — | |
| १२ | सभा सदस्य | श्री जमुना राई | | |
| १३ | सभा सदस्य | श्री शुसिला राई | — | |
| १४ | सभा सदस्य | श्री बेल कुमारी विश्वकर्मा | — | |

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

सभापोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाह्रबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

**प्रस्तावहरु :**

1. आ.व. ०८२/०८३ को २०८२।०४।१८ गते देखि २०८२।०८।१५ गते सम्मको कार्यपालिका बैठक निर्णय अनुमोदन सम्बन्धमा।
2. बेरुजु सम्परिक्षणको लागि महालेखापरिक्षकको कार्यालयमा पेश गर्ने विवरण स्वीकृती गर्ने सम्बन्धमा।
3. करार कर्मचारी तथा शिक्षक व्यवस्थापन सम्बन्धमा।

**निर्णयहरु:**

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको आ.व. ०८२।०८३ को २०८२ साउन १८ गते देखि २०८२ मंसिर १५ गते सम्मका सभापोखरी गाउँकार्यपालिकाबाट भएका निर्णयहरु सभा सदस्य श्री जितेन्द्र वनेम फागो ज्यू बाट गाउँ सभाको बैठकमा अनुमोदनको लागी पेश हुंदा सभा बाट बहुमतले अनुमोदन गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको विगत आ.व. ०७५/७६ देखि आ.व. २०८०/०८१ सम्मका आर्थिक कारोबारमा महालेखापरिक्षकको कार्यालयबाट अन्तिम लेखापरिकक्षण गर्दा औल्याएको बेरुजु, सम्परिक्षणको लागि महालेखापरिक्षकको कार्यालयमा पेश गर्न गाउँकार्यपालिकाको बैठकको निर्णय अनुसार स्वीकृती भई सभापोखरी गाउँपालिकाको १६ औ गाउँसभा बैठकमा गाउँ सभा सदस्य श्री पृथ्वी नारायण राई ज्यूले पेश गर्नु भएको प्रस्ताव बहुमतले स्वीकृत गरियो। उक्त स्वीकृत बेरुजु सम्परिक्षणको लागि महालेखापरिक्षकको कार्यालयमा पेश गर्ने विवरण अनुसुची १ मा रहेको छ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सभापोखरी गाउँपालिकामा स्वास्थ संस्था स्थापनागरी स्वास्थ्य सेवाका कर्मचारी करारमा नियुक्ति गरि जनतामा स्वास्थ्य सेवा प्रवाह गरिएको, केहि प्राविधिक कर्मचारी करारमा नियुक्ति गरी कामकाज लगाइएको र राजनितिक आस्था र विचारका आधारमा कुनैपनि कर्मचारी करारमा नियुक्ति नगरिएको र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को (ङ) मा स्थानीय सेवा व्यवस्थापन गर्ने अधिकार स्थानीय तहमा रहेको हुँदा र विकास निर्माणका कार्य कर्मचारी नभई सञ्चालन गर्न नसकिने भएको हुंदा स्थायी कर्मचारी पदपूर्ती हुँदे गएपछि क्रमश करारका कर्मचारीहरु व्यवस्थापन गर्ने हाल नियुक्ती गरिएका र करारका कर्मचारीहरुलाई नियम अनुसार तलब भत्ता सेवा सुविधा यथावत रुपमा उपलब्ध गराई कामकाज लगाउने मिति २०८२।०७।२० गतेको कार्यपालिका निर्णय समेत भएको हुदाँ करारका कर्मचारीलाई यथावत राखि नियम अनुसार तलब भत्ता भुक्तानी गर्न र गाउँपालिका अनुदान बाट तलब भत्ता उपलब्ध गराउने गरि करारमा नियुक्ती गरिएका शिक्षक तथा विद्यालय कर्मचारीलाई समेत यथावत रुपमा कामकाज लगाई तलब भत्ता भुक्तानी गर्ने निर्ण गाउँसभाबाट अनुमोदन गरियो।

भीमबहादुर लिम्बु
अध्यक्ष
सभापोखरी गाउँपालिका

१६ औ गाउँसभा बैठक मिति २०८२।०८।२५ गते मगलबार

CS Scanned with CamScanner